पाठ ७

# आफ्नो तरीका विचार गर्नुहोस्

मेरा मानिसहरूको यस्तो एउटा उखान छः "एउटा लट्ठीले सयवटा भेड़ाहरूको रेखदेख गर्न सकिन्छ, तर सय जना मानिसहरूलाई रेखदेख गर्नका लागि सयवटा लट्ठी चाहिन्छ।"

मानिसहरू सबै फरक छन्। एउटै राज्य, जाति वा परिवारमा पनि तपाईंले सबैसँग उस्तै किसिमले व्यवहार गर्न सक्नुहुन्न। मेरो देशमा प्रभावशाली भएको तरीका तपाईंको देशमा कामै नलाग्ने हुन सक्छ। अनि तपाईंको देशमा प्रभावशाली भएको तरीका मेरो देशमा त्यति प्रभावशाली नहुन सक्छ। एउटै व्यक्तिसँग पनि हामीले भिन्नाभिन्नै तरीकाहरू *प्रयोग* गर्नुपर्ने हुन्छ। व्यक्तिगत सुसमाचार प्रचारमा तरीका भन्नाले कुनै पनि व्यक्तिलाई ख्रीष्टमा जित्नको निम्ति लिइने कदम भन्ने बुझिन्छ।

"विशेष व्यक्तिको निम्ति विशेष तरीका प्रयोग गर्नुपर्छ भन्ने सम्बन्धमा मलाई कसरी थाहा हुन्छ?" भनी तपाईंले प्रश्न गर्नुहोला। तपाईंलाई साँचै भन्ने हो भने, त्यो मलाई पनि थाहा छैन। ठीक तरीका नभेट्टाउञ्जेलसम्म तपाईंले कोशिश गरि नै रहनुपर्छ। आवश्यक परेको खण्डमा आफ्नो तरीका परिवर्तन गर्नका लागि पनि तपाईं इच्छुक हुनुपर्छ र पवित्र आत्माले तपाईंलाई अगुवाइ गर्नुभएको होस्।



केही महत्त्वपूर्ण सांस्कृतिक बाधाहरूमाथि कसरी विजयी हुन सकिन्छ भन्ने बारेमा हामीले भर्खरै अध्ययन गरिसकेका छौं। मानिसहरूकहाँ कसरी पुग्ने भन्ने बारेमा अध्ययन गर्दा त्यसलाई पनि आफ्नो मनमा राख्नुहोस्।

**यस पाठमा तपाईंले यी कुराहरूको अध्ययन गर्नुहुनेछ . . .**

स्वाभाविक हुनुहोस्
अरूहरूको विरोध नगर्नुहोस्
आदर गर्नुहोस्
सरोकार राख्नुहोस्

**यस पाठले तपाईंलाई यी कुराहरूमा सहायता पुऱ्याउनेछ. . .**

- मानिसहरूलाई ख्रीष्टमा जित्नका निम्ति ठीक तरीकाले तपाईंलाई कसरी सहायता पुऱ्याउँछ सो बुझ्न।

- अरूहरूसँग सुसमाचार बाँड्दा सकारात्मक तरीकाहरू प्रयोग गर्नका लागि अभ्यास गर्न।

## स्वाभाविक हुनुहोस्

उद्देश्य १ : *सुसमाचार बाँड्दा प्रयोग गर्नुपर्ने सकारात्मक स्वाभाविक तरीकाको उदाहरण दिनुहोस्।*

यदि हामी आत्माहरू जित्न चाहन्छौं भने, सुसमाचार बाँड्नका लागि कुन-कुन तरीकाहरूले हामीलाई सहायता पुऱ्याउँछन् सो हामीले बुझ्न आवश्यक छ। पहिलो, हामीले हाम्रा वचन र कामहरूलाई जीवित उदाहरण हुन दिनुपर्छ। त्यसपछि हामी स्वाभाविक हुनुपर्छ र मानिसहरूले बुझ्ने किसिमले बाँड्नका लागि विभिन्न तरीकाहरू खोज्नुपर्छ।



सहायताको आवश्यकता परेका यात्रीको रूपमा येशू सामरी स्त्रीको नजीक जानुभयो। यस पापी स्त्री पनि येशूको निम्ति ठूलो सहायता बनी। तिनीबाट सहायता पाउनलाई आफू धेरै पवित्र छु भनी येशूले विचार गर्नुभएन। यसको सट्टामा त उहाँले भन्नुभयो, "मलाई पानी पिउन देऊ" (यूहन्ना ४:७)। मेरो देशमा यस्तो तरीकालाई *परदेशी* वा *यात्री* तरीका भनिन्छ।

यस्तो किसिमको स्वाभाविक तरीका प्रयोग गरेर येशूले यस स्त्रीको भित्रिय आवश्यकतालाई पूरा गर्न सक्नुभयो। उहाँले तिनलाई *जीवित* पानी दिन सक्नुभयो। पुरानो करारमा हामी देख्छौं कि अब्राहामको दासले इनारको नजीकै रेबेकालाई "कृपा गरी तिम्रो गाग्रोबाट मलाई अलिकता पानी पिउन देऊ" (उत्पत्ति २४:१७) भनेर यही तरीकालाई अपनाएका थिए।

म अझसम्म धेरै देशमा गएको छैन। तर म जहाँ गएँ त्यहाँ मैले यो कुरालाई देखें कि अरूहरूका आवश्यकतामा सहयोग गर्न मानिसहरू मन पराउँछन्। तपाईंको अलिकति सेवा गर्ने मौका यदि तपाईंले कसैलाई दिनुभयो भने तपाईंले सुसमाचार बाँड्नुहुँदा त्यस व्यक्तिले सुन्ने बढ़ी सम्भावना हुन्छ।

प्रेरित पावल अर्थात् पौलसले पनि स्वाभाविक तरीकालाई प्रयोग गरेका थिए। उनी एथेन्समा जाँदा अति नै दुःखित भए, किनकि उनले पूरै शहर मूर्तिहरूले भरिएको देखे। र पनि मानिसहरूसँग बोल्दा उनले बुद्धि प्रयोग गरे। उनले तिनीहरूसँग तिनीहरूका दृष्टिकोणबाट बोल्न सकेका थिए। उनले भनेः

> एथेन्सका मानिस हो, तपाईंहरूलाई म सब कुरामा अति धर्मानुरागी देख्तछु, किनकि घुमफिर गर्दैजाँदा तपाईंहरूले पुज्ने वस्तुहरू मैले देखें। मैले एउटा यस्तो वेदी पनि भेट्टाएँ, जसमा "अज्ञात देवताको निम्ति" भन्ने खोपिएको रहेछ। यसैले जसलाई तपाईंहरू नजानीकन पुज्नुहुन्छ,

उनलाई म तपाईंहरूका माभमा घोषणा गर्दछु (प्रेरित १७:२२-२३)।

तिनीहरूका जीवनमा भएको केही कुराको बारेमा बताउने यो साधारण तरीका प्रयोग गरेर पावलले तिनीहरूको ध्यानलाई आकर्षित गर्न सकेका थिए। तिनीहरू मूर्तिपूजकहरू भए तापनि तिनीहरूको मूर्तिपूजालाई प्रयोग गरी उनले सुसमाचार बाँड्न सकेका थिए। जसको फलस्वरूप कोही-कोही उनको साथ लागेर विश्वास गरे (प्रेरित १७:३४)।

अब, मानिलिऔं प्रेरित पावलले यसो भनेका भए, "तिमी पापीहरू, तिमीहरू सबै नरक जान्छौ। मूर्तिपूजकहरूले कहिल्यै परमेश्वरलाई देख्ने छैनन्।" यदि उनले यसो गरेका भए, मानिसहरूको प्रतिक्रियाचाहिँ बेग्लै किसिमको हुनेथियोजस्तो मलाई लाग्छ। हुन सक्छ त्यस दिन कसैले पनि विश्वास गर्ने थिएन होला!

कसैले तपाईंलाई येशूको बारेमा कसरी बताए विचार गर्नुहोस्। के उनीहरूले स्वाभाविक तरीका प्रयोग गरे? नकारात्मक तरीकाद्वारा हामी मानिसहरूलाई जित्न सक्दैनौं। हामी स्वाभाविक र सकारात्मक भएर तिनीहरूसँग आफूलाई परिचित गराउनुपर्छ।

धेरै वर्ष पहिले एक दिन मैले मेरो अन्धा काका, जो पास्टर पनि थिए, उहाँलाई कुनै एक गाउँमा लगें। उहाँले मानिसहरूसँग कुराकानी गर्नुभएको तरीका अझै मलाई याद छ। आफ्ना देवताहरू आफूसँग खुशी हुन्छन् भन्ने आशामा यस गाउँका मानिसहरूले पशु बलिदान गर्दथे। पशु बलिदान नयाँ कुरा होइन भनी मेरा काकाले तिनीहरूलाई बताउनुभयो। बलिदान-सँग परमेश्वर खुशी हुनुहुन्थ्यो र यो निरन्तर रूपमा गरिरहनु भनी कुनै एक समयमा उहाँले आफ्ना मानिसहरूलाई भन्नु पनि भयो।

त्यस बेलासम्म गाउँका सबै मानिसहरूले उहाँका कुराहरू बड़ो ध्यानसँग सुने। तिनीहरूले यस्तो कुरा पहिले कहिल्यै सुनेका थिएनन्। तिनीहरूलाई जहिले पनि नकारात्मक तरीकाहरू प्रयोग गरिएको थियो। मेरा काकाले व्याख्या गर्दैजानुभयो कि जब समय आइपुग्यो बलिदान हुनका निम्ति परमेश्वरले आफ्ना पुत्र येशू ख्रीष्टलाई पठाउनुभयो। सबै मानव-जातिलाई उद्धार गर्नका लागि येशू क्रूसमा मर्नुभयो भनी उहाँले तिनीहरूलाई बताउनुभयो। त्यस बेलादेखि लिएर अब सधैंको लागि परमेश्वर पशु बलिदानहरू चाहनुहुन्न। येशूले सबै कुरा पूरा गरिसक्नुभयो। हामी उहाँकहाँ आउन सक्छौं, उहाँसँग कुरा गर्न सक्छौं, र उहाँले हाम्रा कुराहरू सुन्नुहुन्छ।



मेरा अन्धा काकाले सबैलाई चाखलाग्दो विषयमा सकारात्मक तरीका प्रयोग गर्नुभएको हुनाले धेरै मानिसहरूलाई ख्रीष्टकहाँ ल्याउन सक्नुभयो। यी मानिसहरूमध्ये कोही-कोही अहिले ख्रीष्टको बारेको सुसमाचार फैलाउने काममा लागेका छन्।

**तपाईंको अभ्यासको निम्ति**

१ पापपूर्ण जीवन जिउने व्यक्तिलाई हामी कसरी सहायता पुऱ्याउन सक्छौं?

**क**) ऊ परिवर्तन भएन भने नरकमा जान्छ भनी उसलाई बताउनु।

**ख**) उसले गरेको काममा सहभागी हुनु र यसरी हामी उसलाई सहयोग पुऱ्याउन सक्छौं।

**ग**) ख्रीष्टको प्रेमद्वारा हाम्रो पापपूर्ण जीवन कसरी परिवर्तन भएको छ भन्ने कुरा उसलाई देखाउनु।

२ *सकारात्मक* तरीकाको अगाड़िको खाली ठाउँमा १ र *नकारात्मक* तरीकाको अगाड़िको खाली ठाउँमा २ लेख्नुहोस्।

...... **क**) आलोचक हुनु ...... **घ**) सहायता लिनु

...... **ख**) स्वाभाविक हुनु ...... **ङ**) न्याय गर्नु

...... **ग**) सहयोगी हुनु ...... **च**) प्रेम देखाउनु

## विरोध नगर्नुहोस् (दोष नलगाउनुहोस्)

उद्देश्य २: *पापी मानिसहरूप्रतिको परमेश्वरको प्रवृत्तिलाई बाइबलबाट दुइ उदाहरणहरू दिनुहोस्।*

परमेश्वरले हामीलाई दोषी ठहऱ्याई नाश गर्नुभएको छैन। आदम र हव्वा पापमा पतन भएपछि, परमेश्वरले त्यति नै बेला तिनीहरूलाई नाश गर्न सक्नुहुन्थ्यो। तर उहाँले यसो गर्नुभएन।

"आदम तँ कहाँ छस्" भनी प्रेमको आवाजमा बोलाउँदै उहाँ तिनीहरूकहाँ आउनुभयो (उत्पत्ति ३:९)।

दाऊद राजाको समयमा सारा संसार नै पापले भरिएको थियो। सबै राज्यका मानिसहरूले मूर्तिहरू पूजिरहेका थिए। कोही-कोहीले आफ्ना छोराछोरीहरूलाई आगोमा फालेर आफ्ना देवताहरूलाई बलिदान चढ़ाइरहेका थिए (लेवी १८:२१)। इस्राएलका मानिसहरूले पनि आफ्ना परमेश्वरलाई त्यागेका थिए। ती अरू राज्यहरूजस्तै भए। दाऊद राजाले यस विषयमा यसो भनेका छन्ः

> तिनीहरू भ्रष्ट भएका छन्, तिनीहरू नीच काम गर्छन्। यस्तो कोही पनि छैन, जसले असल गर्दछ। तिनीहरू सबै कुबाटोतिर लागेका छन्। तिनीहरू सबै एकैसाथ भ्रष्ट भएका छन्। कसैले असल गर्दैन, असल गर्ने एक जना पनि छैन (भजन १४:१,३)।

परमेश्वरले संसारलाई हेरी यसको पाप देख्नुहुँदा यसलाई दोषी ठहऱ्याई हामीमाथि क्रोध खन्याउनुहुन्छ जस्तो तपाईंलाई लाग्छ होला। तर त्यसो होइन, उहाँले भन्नुभएको कुरालाई सुन्नुहोस्ः

> परमप्रभु भन्नुहुन्छ, "आऊ, हामी बसेर आफ्ना कुरा छलफल गरौं। तिमीहरूका पाप सिन्दुरे रङ्गका भए तापनि ती हिँउजस्तै सफा हुनेछन्। गाढ़ा राता रङ्गका भए, तापनि ती ऊनजस्तै सेता हुनेछन् (यशैया १:१८)।

परमेश्वरले मानिसहरूसँग बिन्ती गरिरहनुभएको छ। उहाँले पापलाई घृणा गर्नुहुन्छ, तर पापीलाई प्रेम गर्नुहुन्छ। जब उहाँले स्वर्गबाट तल हेर्नुहुन्छ, उहाँले पापपूर्ण मानिसहरूलाई मात्र देख्नुहुन्न। अँध्यारोमा बसेका र कहाँ जाने र के गर्ने थाहा

नपाएका मानिसहरूलाई उहाँले देख्नुहुन्छ। पापद्वारा घायल बनाइएका व्यक्तिहरूलाई उहाँले देख्नुहुन्छ। सबै ठीक छ भनी उहाँ भन्न सक्नुहुन्न। यी सबै कुरा भए पनि परमेश्वरले संसारलाई यति धेरै प्रेम गर्नुभयो कि उहाँले आफ्ना एक मात्र पुत्रलाई दिनुभयो भनी हामी पढ्छौं। उहाँले संसारलाई दोषी ठहराउन चाहनुभएन, तर यसलाई बचाउन चाहनुभयो (यूहन्ना ३:१६-१७)।

येशूले हामीलाई दोषी ठहराउनुभएको छैन। उहाँको सेवा यसो गर्ने थिएन। जब उहाँले सामरी स्त्रीसँग कुराकानी गर्नुभयो, तिनी पापमा जिइरहेकी छिन् भन्ने कुरा उहाँलाई थाहा थियो। व्यवस्थाअनुसार तिनलाई ढुङ्गाले हानेर मारिनुपर्छ भन्ने कुरा उहाँलाई थाहा थियो। उहाँमा दया थियो, र उहाँले तिनलाई अनन्त र जीवित पानी प्रदान गर्नुभयो। यस जीवित पानीले तिनलाई परमेश्वरको नजीक ल्याई पापबाट टाढ़ा राख्नेछ भनी उहाँलाई थाहा थियो (यूहन्ना ४:१०)।

व्यभिचारको दोष लागेकी अर्की स्त्रीको बारेमा हामी बाइबलमा पढ्छौं। तिनका विरुद्धमा दुइभन्दा बढ़ी साक्षीहरू थिए। तिनका पति वा छोराछोरी वा अरू कसैको रुवाइले तिनलाई ढुङ्गाले हानेर मार्नबाट बचाउन सक्ने थिएन। तर येशू त्यहाँ हुनुहुन्थ्यो। उहाँले भन्नुभयो, "तिमीहरूमा जो पापरहित छ, त्यसैले त्यस स्त्रीलाई पहिले ढुङ्गा हानोस्" (यूहन्ना ८:७)। पहिलो ढुङ्गा हान्नका लागि कसैले पनि आफूलाई पापरहित भनी प्रकट गर्न सकेन। येशूले मात्र यसो गर्न सक्नुहुन्थ्यो। तर उहाँले भन्नुभयो:

"के कसैले तिमीलाई दण्ड दिएन?"
त्यसले भनी, "प्रभु, कसैले दिएन।"

येशूले भन्नुभयो, 'म पनि तिमीलाई दण्ड दिन्नँ। जाऊ, अनि फेरि पाप नगर" (यूहन्ना ८:१०-११)।



आफू स्वतन्त्र भएर आनन्दित हुँदै आफ्नो घरमा फर्केकी यस स्त्रीलाई विचार गर्ने कोशिश गर्नुहोस्। दण्ड दिनको लागि होइन, तर उहाँमा विश्वास गर्नेहरू सबैका लागि जीवन दिन येशू पठाइनुभएको थियो।

हाम्रा प्रभुको उदाहरण हामी पछ्याऔं। उनीहरूकै पापले उनीहरूलाई नै दण्ड दिइसकेका व्यक्तिहरूलाई आशाको सन्देश दिनु हाम्रो काम हो। उहाँको प्रेम बोकेर हामी तिनीहरूको नजीक जानुपर्छ, र उहाँका आँखाद्वारा तिनीहरूलाई हेर्नुपर्छ।

**तपाईंको अभ्यासको निम्ति**

३ दुइ पापपूर्ण स्त्रीहरूप्रति येशूको प्रवृत्ति कस्तो थियो?

**क**) उहाँले तिनीहरूलाई दण्ड दिनुभयो।

**ख**) उहाँले तिनीहरूलाई क्षमा गर्नुभयो।

४ इस्राएलीहरूले पाप गर्दा तिनीहरूप्रति परमेश्वरको प्रवृत्ति कस्तो थियो?

**क**) उहाँले तिनीहरूलाई दण्ड दिन चाहनुभयो।

**ख**) उहाँले तिनीहरूलाई ऊनजस्तै सेतो पार्न चाहनुभयो।

५ मानिसको पापपूर्ण अवस्थाको लागि परमेश्वरको उत्तर के हो? ....................................................

....................................................

६ हाम्रा पापहरूका निम्ति मर्न किन परमेश्वरले येशूलाई पठाउनुभयो?

क) किनकि उहाँले पापीहरूलाई धेरै घृणा गर्नुभयो।

ख) किनकि उहाँले हामीलाई धेरै प्रेम गर्नुभयो।

७ पापपूर्ण मानिसहरूसँग हाम्रो व्यवहार कस्तो हुनुपर्छ?

....................................................

## आदर गर्नुहोस्

उद्देश्य ३: *आदरपूर्ण प्रवृत्तिले व्यक्तिगत सुसमाचार प्रचारमा कसरी नतीजा ल्याउन सक्छ उदाहरण दिनुहोस्।*

तपाईंको भन्दा फरक स्थान (पद) र उमेर भएकाहरूसँग कसरी कुरा गर्ने भन्ने महत्त्वपूर्णताको सम्बन्धमा हामीले कुराकानी गरिसकेका छौं। बाइबलमा हामी यसका धेरै उदाहरणहरू देख्छौं।

सानी इस्राएली केटीले आफ्नी मालिक्नीसँग कुरा गरेको तरीकालाई विचार गर्नुहोस्। तिनले भनिन्, "यदि मेरा मालिकले सामरियामा बस्नुहुने अगमवक्तालाई भेट गरे तिनको रोग उहाँले निको पारिदिनुहुने थियो" (२ राजा ५ः३)। यस्तो तरीकामा ठूलो बुद्धि संलग्न छ। ती जवान, कमारी र विदेशी भए तापनि तिनीहरूलाई सहायता पुऱ्याउने कुराको मात्र तिनले सल्लाह दिइन्। तिनले त्यसो गरेपछि नतीजा सकारात्मक भयो र तिनका मालिक नामान अगमवक्ताकहाँ गए।

अगमवक्ताले नामानलाई यर्दन नदीमा गएर नुहाउनु भनेपछि पनि नामानले गल्ती निर्णय बनाउन सक्थे। आफ्नो ठूलो ओहोदाको कारण उनले आफूलाई फोहोर पानीमा धुन चाहेनन्। अगमवक्ताले भनेअनुसार नगरीकनै उनी घर फर्कन लागेका थिए। तर उनको नोकरले उनको नजीक गई उनलाई यसो भन्यो, "यदि अगमवक्ताले तपाईंलाई केही गाह्रो कुरा गर्नुहोस् भनी भन्नुभएको भए के तपाईं गर्नुहुने थिएन र? उहाँले तपाईंलाई डुबुल्की मार्नुहोस् भनेकोमा तपाईंले झन् किन नगर्ने?" (२ राजा ५ः१३)।



आफ्ना मालिकसँग ध्यानपूर्ण र सकारात्मक तरीका अपनाइएको कारणले नामानले आफूलाई नम्र तुल्याए र यर्दन नदीको फोहोर पानीमा नुहाउन तयार भए। जसको फलस्वरूप, उनी पूर्ण रूपमा निको भए!

सकारात्मक तरीका प्रयोग गरिएको कारणले मेरो देशमा धेरै गाउँहरू सुसमाचारको निम्ति खोलिएका छन्। ख्रीष्टियान सेवकहरूको उद्देश्य ठीक भए तापनि गल्ती तरीकाहरू अपनाइएको कारणले कुनै-कुनै गाउँहरू सुसमाचारको लागि अझै बन्द छन्।

सिंहासनमा बसेका राजा दाऊदकहाँ एक दिन कोही व्यक्ति गएर भन्यो, "परमप्रभुको भवनमा हामी जाऔं।" तब दाऊद राजाले आनन्दसाथ जवाफ दिए, "जब तिनीहरूले मलाई भने, "परमप्रभुको भवनमा हामी जाऔं, तब म आनन्दित भएँ" (भजनसंग्रह १२२:१। यो पनि, इस्राएलका राजासँग साधारण मानिसको सकारात्मक तरीका थियो।

कहिलेकहीँ ठीक तरीका सीधा र कड़ा हुन सक्छ। तर सबै समयमा पवित्र आत्माको अगुवाइमा हामी निश्चित हुनैपर्छ।

### तपाईंको अभ्यासको निम्ति

☞ कसैलाई साक्षी दिँदा तपाईंको आदरपूर्ण प्रवृत्तिले तपाईंलाई कसरी सहायता पुऱ्यायो त्यसको उदाहरण दिन सक्नुहुन्छ?

....................................................................

....................................................................

९ सानी इस्राएली केटीको कथाले हामीलाई सिकाउँछ कि हामीले कसरी आदर देखाउन सक्छौं?
**क**) सरोकार देखाएर।
**ख**) हामीले विचार गरेको कुरा नभनेर।

१० नामानको दासले नामानसँग सत्यता बोल्नलाई डराएको भए के हुन्थ्यो?

..........................................................................

## सरोकार राख्नुहोस्

उद्देश्य ४: *मानिसहरूका निम्ति हामीले किन सरोकार देखाउनुपर्छ व्याख्या गर्नुहोस्।*

व्यक्तिगत सुसमाचार प्रचारमा अरू मानिसहरूको आवश्यकताको निम्ति हामीले ठूलो सरोकार देखाउनुपर्छ। ख्रीष्टद्वारा पठाइएकाहरूझैं उहाँ हिँडेकै ठाउँमा हामीले हिँड्न सिक्नुपर्छ, र हाम्रा वरिपरि भएका खाँचोहरूले हाम्रा हृदयहरूलाई छुनुपर्छ।

मानिसहरूका आवश्यकताहरू ठाउँ-ठाउँमा फरक हुन सक्छन्। तर मुख्य गरी तिनीहरू उही नै हुन्। येशूलाई विवाहको भोजमा निमन्त्रणा गरियो। उहाँ जानुभयो, र उहाँ त्यहाँ हुनुभएको हुनाले, उहाँले खाँचो पूरा गर्न सक्नुभयो। मानिलिऔं, उहाँले निमन्त्रणालाई तिरस्कार गर्नुभयो। तब के हुने थियो होला? पहिलो, विवाहको आनन्द दुःखमा परिणत हुन्थ्यो। दोस्रो, उहाँले आश्चर्यकर्म गर्ने मौका गुमाउनुहुन्थ्यो। उहाँका चेलाहरूले त्यति चाँड़ै उहाँमा विश्वास गर्ने थिएनन्। अनि हामीले उहाँको प्रेमी वास्ता र सरोकारको बारेमा सुन्ने थिएनौं (यूहन्ना २:११)।

सिदोनबाटकी स्त्रीले भूत लागेकी आफ्नी छोरीको निम्ति येशूसँग जब बिन्ती गरिन्, उहाँले तिनको खाँचो पूरा गर्नुभयो। पृथ्वीको उहाँको सेवा इस्राएलको सिमानाभित्रै सीमित भएको भए तापनि, तिनको चित्कारको उहाँले वेवास्ता गर्नुभएन। रुनेहरूसँग येशू रुनुभयो, र आनन्द गर्नेहरूसँग उहाँले आनन्द मनाउनुभयो। तपाईं र मलाई पनि यही सेवा दिइएको छ।

ई.स. १९७४-मा हाम्रो एउटा सुसमाचारिय सभामा, एउटा डिकन र म घर-घरमा गयौं। हामीले साँझको सभाको निम्ति मानिसहरूलाई निमन्त्रणा गऱ्यौं र उनीहरूलाई ख्रीष्टको सुसमाचार सुनायौं।



एउटा घरमा हामीले भर्खरै बालक मरेको एक स्त्रीलाई भेट्टायौं। तिनलाई सान्त्वना दिन धेरै मानिसहरू त्यहाँ जम्मा भएका थिए। हामीले ती स्त्री र तिनका पतिसँग कुराकानी गऱ्यौं। हव्वाले आफ्नो छोरो गुमाएकी र तिनलाई अर्को छोरो

दिएर परमेश्वरले सान्त्वना दिनुभएको अनुभव हामीले तिनीहरूसँग बाड्यौं (उत्पत्ति ४:२५)। दुःखको अनुभव गरेका राजा, दाऊद र परमेश्वरले उनलाई कसरी सान्त्वना दिनुभयो, त्यस विषयमा पनि हामीले बतायौं।

यी आमा-बाबुका हृदयहरू खोलिए। हामीले यसलाई प्रष्टै देख्यौं। तिनीहरू दुवैले हाम्रा प्रार्थनाहरूको माग गरे। हव्वा र अरूहरूलाई परमेश्वरले गरेझैं तिनीहरूलाई पनि सान्त्वना दिनुहोस् भनी हामीले उहाँसँग प्रार्थना गर्‍यौं।

एक वर्षपछि यी नै स्त्रीले छोरी जन्माइन्। तिनले परमेश्वरको सान्त्वनालाई व्यक्तिगत रूपमा अनुभव गरेकी थिइन्। ख्रीष्टलाई पहिल्यै भेटन नपाएकोमा मात्र यी आमा-बाबुले दुःख माने।

हामीले तिनीहरूको खाँचोमा सरोकार देखाएको हुनाले, परमेश्वरले तिनीहरूका जीवनमा अचम्मका काम गर्नुभयो। तिनीहरूको साक्षीद्वारा गाउँका अरू मानिसहरूले पनि ख्रीष्टलाई ग्रहण गरेका छन्।

## तपाईंको अभ्यासको निम्ति

१.१ सरोकारको निम्ति प्रयोग गरिने अर्को शब्द ........ हो।

हेरचाहा\विश्वास

१.२ जब हामीले कसैलाई सरोकार देखाउँछौं भने हामीले तिनीहरूलाई ............ भनी तिनीहरूलाई थाहा हुन्छ।

चाहन्छौं\प्रेम गर्छौं।

१३ परमेश्वरले हामीलाई कति धेरै प्रेम गर्नुहुन्छ भनी बताउने बाइबल पदलाई हामीले यस पुस्तकमा पहिल्यै देखेका छौं। यो के थियो, के तपाईं सम्झन सक्नुहुन्छ? यसलाई लेख्नुहोस् र कण्ठ गर्नुहोस्।

१४ तपाईंले अध्ययन गरिरहनुभएको कुरा अब अभ्यास गर्न शुरू गर्ने समय आएको छ। आफूले सुसमाचार सुनाउन चाहेको व्यक्तिको नाम तपाईंले पहिलेको पाठमा लेख्नुभएको छ। तपाईंले त्यस व्यक्तिको लागि प्रार्थना गरिरहनुभएको छ। अब तपाईं त्यस व्यक्तिसँग आफ्नो ख्रीष्टियान अनुभव बाँड्न थाल्नुहोस्। उसको नाम र तपाईंले पहिलो पल्ट सुसमाचार बाँड़िको मिति लेख्नुहोस्। अरू मानिसहरूलाई सुसमाचार बाँड्दैजाँदा तिनीहरूका नाम र मिति थप्दै जानुहोस्। ..........................................

..............................................................

..............................................................

..............................................................

..............................................................

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

१ ग) ख्रीष्टको प्रेमद्वारा हाम्रो पापपूर्ण जीवन कसरी परिवर्तन भएको छ भन्ने कुरा उसलाई देखाउनु।

२ क.२) नकारात्मक
ख.१) सकारात्मक
ग.१) सकारात्मक
घ.१) सकारात्मक
ङ.२) नकारात्मक
च.१) सकारात्मक

३ ख) उहाँले तिनीहरूलाई क्षमा गर्नुभयो।

४ ख) उहाँले तिनीहरूलाई ऊनजस्तै सेतो पार्न चाहनुभयो।

५ हाम्रा पापका निम्ति बलिदान हुनका लागि उहाँले आफ्ना पुत्र येशू दिनुभयो।

६ ख) किनकि उहाँले हामीलाई धेरै प्रेम गर्नुभयो।

७ हामीले ख्रीष्टको उदाहरण पछ्याउनुपर्छ र तिनीहरूलाई प्रेम गर्नुपर्छ र दोषी ठहराउनुहुन्न।

८ तपाईंको उत्तर। तपाईं सधैं अरूहरूलाई आदर गर्नुहुन्छ भन्ने कुरामा म आशावादी छु। यदि तपाईंले प्रेममा कुराकानी गर्नुभयो भने मानिसहरूका आत्मिक आवश्यकताको बारेमा साँचो रीतिले बताउन सकिन्छ भन्ने कुरा याद गर्नुहोस्।

९ क) सरोकार देखाएर।

१० उनी निको हुने थिएनन् होला।

११ हेरचाहा

१२ प्रेम

१३ पदचाहिँ यूहन्ना ३:१६ हो। आफ्नो बाइबलमा यसलाई हेर्नुहोस् र कण्ठ गर्नुहोस्।

१४ तपाईंले बीउ रोप्नु र पानी हाल्नुपर्छ भन्ने कुरा याद गर्नुहोस्। बाँकीचाहिँ परमेश्वरले नै गर्नुहुन्छ!